# नेपाल अटोमोवाइल्स एसोसिएसन
## Nepal Automobiles' Association
## को
# आर्थिक नियमावली २०८०

**प्रस्तावना :**

नेपाल अटोमोवाइल्स एसोसिएसनको नवौं साधारणसभा, श्रावण १३, २०८० द्वारा पारित गरी कार्यदल गठन गरे बमोजिम, सो कार्यदलले पाएको अधिकार प्रयोग गरी संघको विधान, खेलकुद विकास ऐन २०७७, खेल संचालन नियमावली २०७९, यस संघ आवद्ध अर्न्तराष्ट्रिय महासंघहरुको विधान तथा निर्देशनहरु, राखेप, युवा तथा खेलकुद मन्त्रालय तथा सम्बधित सरकारी निकायहरुको निर्देशन तथा यस अघिका नियमावली, विधान र साधरणसभामा जनाएको प्रतिवद्धताको आधारमा नेपाल अटोमोवाइल्स एसोसिएसनको **आर्थिक नियमावली २०८०** जारी गरिएको छ ।

**परिच्छेद – १**
**(प्रारम्भ)**

**१.१ संक्षिप्त नाम र प्रारम्भ :–**

क) यस नियमवालीको नाम नेपाल अटोमोवाइल्स एसोसिएसनको आर्थिक नियमावाली २०८० रहनेछ ।
ख) प्रारम्भ : यो नियमावाली राष्ट्रिय खेलकुद परिषदबाट स्विकृति भएको मिति देखि लागू गरिने छ ।

**१.२ परिभाषाः– विषय र प्रसंगले अर्को अर्थ नलागेमा :–**

क) 'परिषद' भन्नाले राष्ट्रिय खेलकुद परिषद सम्भmनु पर्दछ ।
ख) 'संघ' भन्नाले नेपाल अटोमोवाइल्स एसोसिएसन सम्भmनु पर्दछ ।
ग) 'कार्यसमिति ' भन्नाले संघको केन्द्रीय कार्यसमितिलाई सम्भmनु पर्दछ ।
घ) 'कमिसन' भन्नाले संघद्धारा गठित विभिन्न कमिसनहरुलाई सम्भmनु पर्दछ ।
ङ) 'कार्यदल' भन्नाले संघद्धारा गठित विभिन्न कार्यदलहरुलाई सम्भmनु पर्दछ ।
च) 'अध्यक्ष' भन्नाले नेपाल अटोमोवाइल्स एसोसिएसनका अध्यक्षलाई सम्भmनु पर्दछ ।
छ) 'उपाध्यक्ष' भन्नाले नेपाल अटोमोवाइल्स एसोसिएसनका वरिष्ठ उपाध्यक्ष तथा उपाध्यक्षहरु सम्भmनु पर्दछ ।
ज) 'महासचिव' भन्नाले नेपाल अटोमोवाइल्स एसोसिएसनका महासचिव सम्भmनु पर्दछ ।
झ) 'सचिव' भन्नाले नेपाल अटोमोवाइल्स एसोसिएसनका सचिवहरु सम्भmनु पर्दछ ।
ञ) 'कोषाध्यक्ष' भन्नाले नेपाल अटोमोवाइल्स एसोसिएसनका कोषाध्यक्ष सम्भmनु पर्दछ ।
ट) 'सह-कोषाध्यक्ष' भन्नाले नेपाल अटोमोवाइल्स एसोसिएसनका सह-कोषाध्यक्ष सम्भmनु पर्दछ ।
ठ) 'सदस्य' भन्नाले नेपाल अटोमोवाइल्स एसोसिएसनका सदस्यहरु सम्भmनु पर्दछ ।
ड) 'प्रदेश संघ' भन्नाले नेपाल अटोमोवाइल्स एसोसिएसन अर्न्तगत दर्ता भएका विभिन्न प्रदेश संघ सम्भmनु पर्दछ।
ढ) 'कर्मचारी' भन्नाले नेपाल अटोमोवाइल्स एसोसिएसनका कर्मचारी सम्भmनु पर्दछ ।
ण) 'आर्थिक वर्ष' भन्नाले श्रावण १ गते देखि आगामी वर्षको आषाढ मसान्तलाई सम्भmनु पर्दछ ।
त) 'अधिकार प्राप्त व्यक्ति' भन्नाले संघको कार्यसमितिले तोकेको व्यक्तिलाई सम्भmनु पर्दछ ।
थ) 'क्लब' भन्नाले संघ वा प्रदेश संघअर्न्तगत दर्ता भएका मोटरस्पोर्टस्, मोटरसाइकलिङ्ग स्पोर्टस्, पावर बोटिङ्ग, कार्टस्, ई-स्पोर्टस् तथा टुरिङ्ग एण्ड ऱ्यालिङ्ग सम्बन्धी क्लवलाई सम्भmनु पर्दछ ।
द) 'फाउण्डेसन' भन्नाले परिषदको स्वीकृतिमा संघद्वारा स्थापित स्वायत्त कल्याणकारी संस्था नासा फाउण्डेसनलाई सम्भmनु पर्दछ ।

ध) 'खेलाडी' भन्नाले नेपाल अटोमोवाइल्स एसोसिएसनमा आवद्ध संघ, क्लव एवं विभाग मार्फत दर्ता भएका खेलाडीहरुलाई सम्झनु पर्दछ ।

न) 'निर्णायक' भन्नाले नेपाल अटोमोवाइल्स एसोसिएसन अर्न्तगत आवद्ध मोटरस्पोर्टस्, मोटरसाइकलिङ्ग स्पोर्टस्, पावर बोटिङ्ग, कार्टस्, ई-स्पोर्टस् तथा टुरिङ्ग एण्ड च्यालिङ्ग सम्बन्धी खेलका स्थानीय, राष्ट्रिय तथा अर्न्तराष्ट्रिय निर्णायकहरुलाई सम्झनु पर्दछ ।

प) 'स्पोर्टस्' भन्नाले मोटरस्पोर्टस्, मोटरसाइकलिङ्ग स्पोर्टस्, पावर बोटिङ्ग, कार्टस्, ई-स्पोर्टस्, टुरिङ्ग एण्ड च्यालिङ्ग सम्बन्धि सम्पूर्ण स्पोर्टस् सम्झनु पर्दछ ।

फ) 'मोबिलिटी एण्ड टुरिजम' भन्नाले स्पोर्टस् बाहेकका संघले संचालन गर्ने मोविलिटी र टुरिजम तथा अन्य सामाजिक गतिविधिहरुलाई बुझनु पर्दछ ।

ब) 'रोड सेफ्टी' भन्नाले सडक सुरक्षा संग सम्बन्धित सम्पूर्ण गतिविधिहरुलाई बुझ्नु पर्दछ ।

भ) 'सचिवालय' भन्नाले संघको कार्यकारी निर्देशकको अध्यक्षतामा गठित व्यवस्थापकिय टिमलाई जनाउनेछ ।

म) 'विधान' भन्नाले नेपाल अटोमोवाइल्स एसोसिएसनको विधान २०८० हो भन्ने सम्झनु पर्दछ ।

य) 'नियमावली' भन्नाले नेपाल अटोमोवाइल्स एसोसिएसनको आर्थिक नियमावाली २०८० भन्ने बुझ्नु पर्दछ ।

## परिच्छेद- २
## (कोष, लेखा तथा लेखापरिक्षण)

**२.१ कोष तथा खाता व्यवस्था :-**

क) संघको एउटा कोष हुनेछ, जसमा देहाय बमोजिमको रकम जम्मा हुनेछ :-

१. नेपाल सरकार, परिषद वा अन्य कुनै निकायले प्रदान गरेको रकम ।
२. स्वदेशी वा विदेशी व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरुप प्रदान गरेको रकम ।
३. संघको चल अचल सम्पत्ति लगायतको प्रयोग तथा विक्री वितरणबाट प्राप्त भएको रकम ।
४. परियोजनाहरुबाट प्राप्त भएको रकम ।
५. विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय कार्यक्रम आयोजना गर्दा प्राप्त हुन आउने सबै प्रकारका रकम ।
६. सदस्यता शुल्क, दर्ता शुल्क र विशेष शुल्कहरु ।

ख) संघले अर्न्तराष्ट्रिय संघ संस्था, विदेश सरकार वा एजेन्सिबाट नगद, जिन्सी वा प्राविधिक सहयोग प्राप्त गर्दा राष्ट्रिय खेलकुद परिषदलाई अनिवार्य रुपमा जानकारी दिनु पर्नेछ ।

ग) संघलाई अर्न्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त हुने २.१(ख) बमोजिम प्राप्त हुने विदेशी रकमको एउटा छुट्टै खाता खोली हिसाब किताब फर्छ्यौट गर्न सजिलो होस भन्ने उद्देश्यले त्यस्तो खाता संचालन गर्न सकिनेछ ।

घ) नगदी कोष :- कार्यलयको दैनिक कार्य संचालनार्थ रु १००,०००।- (एक लाख मात्र) मा नबढाई कार्यालय, लेखा तथा प्रशासन शाखाको कर्मचारीको जिम्मामा रहने गरी सानो नगदी कोषको रुपमा राख्न सकिनेछ ।

ङ) खाता संचालन :- संघको कोष संघले तोकेको बैंकमा जम्मा गरिने छ र सो को संचालन संघको अध्यक्ष, महासचिव, कोषाध्यक्ष, सह कोषाध्यक्ष र कार्यकारी निर्देशक मध्ये कुनै दुईको दस्तखतबाट संचालन हुनेछ । साथै विषयगत कार्यका लागी सम्वन्धित पदाधिकारी तथा सदस्यहरु गरी तीन जनाको नाममा कुनै दुईको दस्तखतबाट संचालन हुने खाता खोल्न सकिनेछ ।

च) संघको लेखा दोहोरो श्रेस्ता प्रणालीमा राखिनेछ ।

**२.२ सदस्यता शुल्कसम्बन्धि व्यवस्था**

क) संघको विधानअनुसार सदस्यता प्राप्त व्यक्तिले प्रवेश शुल्क वापत रु.१०००।- (एक हजार) र वार्षिक शुल्क वापत रु १०००।- (एक हजार) अनिवार्य बुझाउनुपर्नेछ ।

ख) क्लवको सदस्यता शुल्क वार्षिक १००००।- (दश हजार) हुनेछ भने एसोसिएट सदस्यता शुल्क वार्षिक २५०००।- (पच्चीस हजार) हुनेछ ।

ग) आजीवन सदस्यता शुल्क २५०००।-(पच्चीस हजार) र दश वर्षे सदस्यता शुल्क ८०००।-(आठ हजार) लिई केन्द्रिय कार्यसमितिले प्रदान गर्नेछ ।

घ) कर्पोरेट सदस्यता शुल्क वार्षिक २५०००।- (पच्चीस हजार) हुनेछ ।

ङ) क्लबहरुले आफ्नो छुट्टै कोष खडा गर्न सक्नेछन् जसको लागि विभिन्न खेल कार्यक्रम र रचनात्मक क्रियाकलाप संचालन गर्न सकिनेछ ।

च) केन्द्रिय संघको मासिक लेवी अध्यक्षलाई रु. ५०००।- (पाँच हजार), पदाधिकारीलाई रु. ३०००।- (तीन हजार), सदस्यलाई रु. २०००।- (दुई हजार) र कमिसन मेम्वरलाई रु. १०००।- (एक हजार) रहनेछ ।

छ) प्रदेश संघबाट आएको सदस्यता शुल्क विभाजन केन्द्रिय संघमा ५० प्रतिशत र प्रदेश संघमा ५० प्रतिशत हुनेछ ।

## २.३ बजेट खर्च व्यवस्था

क) संघले प्रत्येक वर्षको माघ मसान्त भित्र  आफनो कार्यक्रम तथा आय-व्यय सहितको बजेट विवरण अनिवार्य रुपमा परिषद्मा प्रवेश गर्नु पर्नेछ ।

ख) संघले कार्यक्रमहरुको महत्त्व तथा कोषको स्थिति अनुरुप वार्षिक बजेट तयार गर्नेछ ।

ग) बजेट संघको वार्षिक साधारण सभाबाट संघको विधानको धारा १० बमोजिम पारित गरिनेछ ।

घ) पारित बजेट अनुरुप सम्बन्धित शीर्षकहरुमा खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

ङ) राष्ट्रिय तथा अर्न्तराष्ट्रिय खेलकुद प्रतियोगिताहरु, बैठक तथा गोष्ठिहरु आयोजना गरी बजेट तर्जुमा गरि सम्पन्न गरेको कार्यलाई कार्यकारिणी समितिको बैठकबाट अनुमोदन गराउनु पर्नेछ ।

च) कुनै विकास आयोजनाको बजेट तर्जुमा गर्दा आर्थिक, प्राविधिक तथा प्रशासाकिय क्षमताको आधारमा प्रतिफलको समेत विचार गरि संघबाट योजना स्वीकृत भएको हुनु पर्दछ ।

छ) कुनै कारणवश कार्यक्रम पश्चात यदि बजेट घाटामा गएको खण्डमा संघले सो घाटा परिपुर्तिको लागी उपायहरु निर्धारित गरि कार्यन्वयन गर्न कटिबद्ध हुनु पर्नेछ ।

ज) कारणबश घाटा परिपुर्ति हुन नसकेको खण्डमा समयानुकुल संघले विशेष निर्णय लिन सक्नेछ ।

झ) राष्टिय/अन्तराष्टिय कार्यक्रममा सहभागी हुने पदाधिकारी तथा खेलाडीहरुलाई आवश्यक्ता र कार्यक्रम हेरर दर्ता शुल्क, भाडा, आवास तथा अन्य खर्च सहयोग गर्न सक्नेछ ।

ञ) फाउण्डेसन, कमिसन, प्रदेश संघ, एसोसिएट तथा क्लवहरुलाई सम्बन्धित क्षेत्रमा हुनेरगरिने कुनै पनि कार्यक्रमको अख्तीयारी दिन सकिनेछ भने संघको सम्पूर्ण सडक सुरक्ष सम्बन्धि कार्यक्रम फाउण्डेसनबाट गरिनेछ ।

## २.३ पेश्की तथा पेश्की फर्छ्यौट :

क) कुनै कामको सिलसिलामा कामको प्रकृति अनुसार कमिसन/अध्यक्ष/महासचिव/कार्यकारी निर्देशकको निर्देशनमा कामको प्रकिति हेरी पेश्की दिन सकिनेछ ।

ख) यसरी पेश्की निकासा भएको खण्डमा सो पेश्की नियमअनुसार फर्छ्यौट गराउनु पर्नेछ र पेश्की फर्छ्यौट नभएसम्म त्यस्तो पेश्की बाँकी राख्ने कसैलाई पनि पुन पेश्की दिईने छैन ।

ग) पेश्की फर्छ्यौटको अवधि कामको प्रकिति हेरि सचिवालयले तोक्ने छ ।

घ) तोकेको अवधिमा पेश्की फर्छ्यौट नगरेको खण्डमा सम्बन्धित व्यक्ति उपर प्रचलित नेपाल कानून बमोजिम कारबाही गरिनेछ । कुनै पनि पेस्की, लेबी तथा अन्य बक्यौता फर्छ्यौट नगरी कुनै पनि सेवा सुविधा तथा प्रदान गरिने छैन । एक वर्षभन्दा ज्यादा कुनै बक्यौता बाँकी रहेमा सम्बधित जिम्मेवारी स्वतः निलम्वन हुनेछ, दुई वर्षभन्दा ज्यादा कुनै बक्यौता बाँकी रहेमा सम्बधित जिम्मेवारीबाट मुक्त गरिनेछ र चार वर्षभन्दा ज्यादा कुनै बक्यौता बाँकी रहेमा कानुनी कारबाहीमार्फत अशुलउपरको प्रक्रिया सुरु गरिनेछ ।

**२.४ आन्तरिक तथा अन्तिम लेखा परिक्षण**

१) संघले प्रत्येक आर्थिक वर्ष भुक्तान भएका ४ महिना भित्र आफ्नो लेखा परिक्षण प्रतिवेदन अनिवार्य रुपमा परिषदमा पेश गर्नेछ ।

२) संघले आन्तरिक लेखा परिक्षण गराउनु पर्नेछ ।

३) नेपाल अटोमोबाईल्स् एसोसिएसनको अन्तिम लेखा परिक्षण नेपाल चार्टर एकाउन्टेन्ट संस्थामा दर्ता भएका दर्तावाला लेखा परिक्षकबाट गराउनु पर्नेछ ।

## परिच्छेद ३
## (दैनिक तथा भ्रमण भत्ता सम्बन्धि व्यवस्था)

**३.१ दैनिक तथा भमण भत्ता :**

क) स्वदेश तथा विदेशमा संचालन हुने बैठक, सेमिनार, गोष्ठी तथा अन्र्तराष्ट्रिय प्रतियागीताहरुमा सहभागी हुन जाँदा पदाधिकारी, खेलाडी, व्यवस्थापक, कर्मचारी र निर्णायकहरुलाई उपलब्ध गराईने दैनिक भ्रमण भत्ता तथा निर्णायक भत्ता लगायत अन्य सुविधाका सम्बन्धमा नेपाल सरकारको आर्थिक प्रशासन सम्बन्धि नियमावलीमा व्यवस्था गरिएको रकममा नबढने गरी संघले आफ्नो श्रोत हेरी निर्धारण गर्न सकिनेछ ।

ख) अन्य, निकायद्वारा आयोजित प्रतियोगिताहरु संचालन वापत रेफ्रीहरुले आयोजक संस्थाको नियमअनुसार सुविधा पाउने नै हुँदा सो वापत संघले कुनै आर्थिक दायित्व बहन गर्ने छैन । तर संघको प्रत्यक्ष संलग्न भएको कार्यक्रममा भने अवस्था हेरि निर्णय गर्न सकिनेछ ।

ग) स्थानिय आयोजनाको हकमा स्वयं आयोजक समितिले निर्णय गरे अनुरुप खानपिन र यातायातको सुविधा उपलब्ध गराईनेछ ।

घ) संघको दैनिक प्रशासनिक काम कारवाहीका लागी कानुनी सल्लाहकार तथा दक्ष प्राविधिक जनशक्तिको आवश्यक्ता भएमा कार्यकारिणी समितिको बैठकबाट निर्णय गरी करार बमोजिम राख्न वा तोक्न सकिनेछ ।

ङ) संघको दैनिक काम र अति आवश्यक कामको सिलसिलामा संघ वा कुनै तहका पदाधिकारी र प्राविधिकलाई चाहिने यातायात, संचार र इन्धनको व्यवस्था, घरभाडा कार्यसमिति /आर्थिक समिति / सचिवालयल ले निर्णय गरी तोके अनुसार उपलब्ध गराउन सकिनेछ ।

च) संघको दैनिक काम र अति आवश्यक कामको सिलसिलामा संघको कुनै तहका कर्मचारीहरु र प्राविधिलाई चाहिने यातायात र इन्धनको व्यवस्था, घरभाडा, विदाको वापदको सुविधा, उपदान, औषधि उपचार र विमाको रकम आर्थिक समिति / सचिवालयले निर्णय गरी तोके अनुसार उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद ४
## (जिन्सी सम्पत्तिको जिम्मा र अन्य व्यवस्था)

**४.१ जिन्सी सम्पत्ति**

क) संघको जुनसुकै चल अचल सम्पत्तिको जिम्मा संघको अध्यक्षले तोके अनुसार सम्बन्धित मातहतको कर्मचारीको जिम्मामा रहनेछ ।

ख) सम्बन्धित कर्मचारीले जिन्सी लेखा श्रेस्ता प्रष्ट रुपले नियम २.१ को (च) बमोजिम राख्नु पर्नेछ ।

ग) संघको अध्यक्ष वा महासचिवको निर्णयमा जिन्सी सरसामान प्रयोगमा लगाउनु पर्नेछ ।

**४.२ जिन्सीको निरीक्षण र लिलाम :**

क) संघको अध्यक्षको निर्देशनमा जिन्सी सरसामानको निरीक्षण व्यवस्था मिलाईनेछ ।

ख) कुनै सरसामान लिलाम गर्नु परेमा संघले गठित गरेको तत्सम्बन्धित अधिकार प्राप्त व्यक्ति वा समुहको रोहबरमा लिलाम गनुपर्नेछ ।

**४.३ बर बुझारथ :**

क) नगद जिन्सी मालसामान संघको आम्दानीको लगत श्रेस्ता आदिको जिम्मा लिने कर्मचारी  साधरणतया अवकास प्राप्त गरी वा कुनै कारणवस कार्यलय जाँदा वा सो कामबाट अलग हुँदा निजको बर निजको बुझराथ गर्ने कर्तव्य हुनेछ र बुझि लिने कर्मचारी पनि तुरुन्त बुझिलिनु पर्नेछ ।

## परिच्छद- ५
## (कार्यालयको काम गर्ने गराउने व्ययवथा )

### ५.१ मर्मत सम्भार तथा निर्माण कार्य गर्ने गराउने सम्बन्धमा

क) मर्मत सम्भार सम्बन्धि काम गर्ने गराउने :

कार्यलयको खप्ने मालसामानको मर्मत संभार गर्नु गराउनु पर्दा सचिवालयले सम्बन्धित कर्मचारीबाट मर्मत सम्भार गर्नु पर्ने मालसामानको विवरण लिई बढीमा रु.५,००,०००।- (पाँच लाख) सम्मको मालसामानको मर्मत सम्भार गराउन सकिनेछ । त्यस भन्दा बढी रकमको मर्मत सम्भार गराउनुपर्दा मालसामानको कारोबार गर्ने दुई वा सो भन्दा बढी फर्म वा कम्पनीको दरभाउ पत्र (कोटेशन) प्राप्त गरी सबभन्दा कम मुल्यमा दिने फर्म वा कम्पनीसंग खरिद गर्नु पर्नेछ । कम मुल्यको दरभाउ पत्रका शर्तहरु उपयुक्त नदेखिएमा बढी दर भाउ पत्रबालसंग खरिद गर्नु पर्दा सोको कारण खुलाई संघबाट स्वीकृती लिनु पर्नेछ ।

### ५.२ निर्माण तथा खरिद सम्बन्धि काम गर्ने गराउने :

(क) संघको निर्माण वा मर्मत सुधारका कार्यहरुको निमित्त स्थलगत अध्ययन समेत गरी तयार गरिएको ड्रईङ डिजाईन स्पेशिफिकेशन नर्म्स र दर विश्लेषण देहाय बमोजिम स्विकृत भएको हुनुपर्नेछ ।

ख) विशेष नर्म्स विशेष टेक्निकल स्पेसिफिकेशन र विशेष शर्तहरु संघबाट स्विकृत ड्रईङ डिजाईन स्पेशिफिकेशन तथा नर्म्सको आधारमा  स्थलगत तथा मालसामानको उपलब्धिको सम्बन्धमा समेत अध्ययन गरी लागत अनुमान तयार गर्नु पर्नेछ । यसरी तयार गरिएको लागत अनुमानमा सो काम गर्न समयावधी पनि किटान गरिएको हुनु पर्नेछ ।

ग) संघको निर्माण सम्बन्धि काम स्विकृत लागत आुमान अनुसार बजेटको परिधिभित्र रहि अमानत वा ठेक्काबाट गर्न गराउन सकिनेछ ।

घ) निर्माण सम्बन्धि काम ठेक्काबाट गराउनु पर्दा देहाय बमोजिम गर्नु पर्नेछ :

१) स्विकृत लागत अनुमान अनुसार रु. ३,०००,००।- (तिन लाख रुपैया) सम्मको काम दरभाउ पत्र नलिई वा घटाघट नगराई सोझै गर्न वा खरिद गर्न गराउन सकिनेछ ।

२) रु. ३,००,०००।-(तिन लाख रुपैया) भन्दा बढी रु.१०,०००००।-(दश लाख रुपैया) सम्मको निर्माण वा खरिद गर्ने कामको लागि कम्तिमा तीन विभिन्न दरभाउ पत्र प्राप्त गरी वा घटाघट गरी गर्न गराउन सकिनेछ । यसरी गरिएको निर्माण वा खरिद कार्यको कार्यकारिण समितिबाट समितिबाट अनुमोदन गराउनु पर्नेछ ।

३) रु. १०,००,००। (दश लाख) भन्दा माथि जतिसुकै रकमको काम बोलपत्रद्यारा गराउनु पर्नेछ ।

४) बोलपत्र माग गरिएकोमा बोलपत्र नपरी वा अन्य कुनै कारणबाट अमानतबाट निर्माण कार्य गराउनु परेमा कार्यसमितिबाट स्वीकृत लागत अनुमान बमोजिम निर्माण कार्य गर्न गराउन सकिनेछ ।
अमानतबाट निर्माण कार्य गर्नु परेमा त्यस्तो निर्माण कार्य को खण्ड गरी ठेक्कामा दिन वा आवश्यक निर्माण सामाग्री उपलब्ध गराई ज्यालाको ठेक्का दिन सकिनेछ ।

५) यी नियमहरु बमोजिम निर्माण सम्बन्धि लागत अनुमान तथा ठेक्का पट्टाको प्रयोजनको मुख्य मालसामानको दरभाउको हकमा निर्माणस्थल नजिकै सम्बन्धित सरकारी कार्यलय वा सरकारी स्वामित्व भएको संस्था वा स्थानिय प्रशासनले तोकेको दरभाउ पत्रलाई आधार मान्नु पर्छ । यस्तो आधार उपलब्ध हुन नसक्ने अवस्थामा संघले तोकिदिएको आधारलाई पनि मान्न सकिनेछ ।

६) बोलपत्र आव्हान गर्दा रु.३०,००,०००।-(तीस लाख रुपैयां) सम्मको लागत अनुमानको अंक सुचना प्रकाशित गरिनेछ ।

७) रु.१०,००,००।-(दश लाख रुपैया) सम्मको लागत अनुमान र बोलपत्र स्वीकृत संघको अध्यक्ष र महासचिवले गर्न सक्नेछ र सो भन्दा बढी रकमको लागत अनुमान र बोलपत्र संघकोकेन्द्रिय समितिले स्वीकृत गर्नेछ ।

८) दरभाउपत्र, बोलपत्र तथा काम गर्ने कार्य तालिका र ठेक्का पट्टाका शर्तहरु तोक्दा सम्बन्धित अधिकारीले यथासम्भव मितव्ययिता र कार्यक्रम अनुसार काम सम्पन्न हुने गरी तोक्नु पर्नेछ ।

(९) कुनै पनि सरकारी निकाय तथा अन्तर्राष्ट्रिय महासंघको सहयोगमा सञ्चालित परियोजनामा आवश्यक पर्ने वस्तु, सेवा तथा निमार्णको हकमा उक्त वस्तु तथा सेवाको उपलब्धता, गुणस्तरता, स्वदेशी विक्रेताको उपलब्धता तथा परियोजनाको सिफारिसलाई समेत आधार बनाइनेछ ।

ङ) निर्माण सम्बन्धि काम सम्पन्न भए पछि देहाय बमोजम कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्नेछ ।

च) स्वीकृत लागत अनुमान बमोजिम निर्माण कार्य सम्पन्न भएपछि संघको अध्यक्षले त्यस्तो काम सम्पन्न भएका एक महिना भित्र संघमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

छ) समयको अन्तराल वा निर्माण सामाग्रीको अनुपब्धता जस्ता प्राविधिक कठिनाईका कारण स्वीकृत लागतको रकमको अंक बढ्न गएको भन्ने समेतका आधारमा कुनै पनि थप रकम सुविधा सौलियता प्रदान गरिने छैन ।

ज) विशेष प्राविधिक कार्यको लागि संघको कार्यसमितिले विशेषज्ञहरुको समुह गठन गरी सो समुहको सिफरिस र स्वीकृतिमा सामान खरिद तथा जाँच पास स्वीकृत गर्न लगाउन सकिनेछ ।

झ) संघसंग आवद्ध कुनै पनि **अर्न्तराष्ट्रिय** संघ संस्थाबाट एसोसिएसनकन लागी निर्माण गरिने कुनै भौतिक सामागि तथा पुर्वाधारको हकमा सम्बन्धित **अर्न्तराष्ट्रिय** संघ संस्थाबाट दिईएको निर्देशन तथा नियमावलीमा व्यवस्था भए अनुसार काम कारवाही गर्नु गराउनु पर्नेछ ।

## परिच्छद- ६
## (खेलाडी कल्याणकोष, कार्यकमका आर्थिक सहयोग, विमा तथा नगद पुरस्कार आदि)

### ६.१ खेलाडी कल्याणकोष :

क) एसोसएसनले एसोसिएसन अर्न्तगत आवद्ध खेलाडी, प्राविधिकहरुका हितका लागि समय समयमा आवश्यक र उचित पुरस्कारका साथै खेलाडी, रेफ्री, पदाधिकारी, कर्मचारी र अन्य घाईते वा गम्भीर रुपमा बिरामी पर्न गएको खण्डमा स्वास्थ्य उपचारका लागी संघले खेलाडी कल्याणकोषको व्यवस्था गर्नेछ जसबाट संघको निर्णय अनुसार आवश्यक आर्थिक उपचार खर्च व्योहोर्न सकिनेछ ।

ख) एसोसिएनका खेलाडी प्रशिक्षक, रेफ्री तथा निर्णायकहरुलाई उनीहरुको कामको आवश्यकता अनुसार मासिक भत्ता तथा सुविधा प्रदान गर्न सकिनेछ ।

### ६.२ अनुदान र आर्थिक सहयोग

क) संघ अर्न्तगतका सम्पूर्ण निकायहरुमा मोटर, मोटरसाईकल तथा अटो स्पोर्टस् खेलको बिकास र विस्तार र मोबिलिटि, टुरिजम तथा सडक सुरक्षाका निम्ति एसोएिसनले आफ्नो कोषको अवस्था हेरी वार्षिक नगद अनुदानका साथै जिन्सी सामानहरु उपलब्ध गराउन सक्नेछ ।

ख) बजेटद्वारा विनियोजित रकमलाई आर्थिक समितिबाट अनुमोदन गराई पठाउने व्यवस्था मिलाईनेछ ।

ग) माथि दफा (क) र (ख) बमोजिमको आवस्था बाहेक संघमा बजेट भएको अवस्थामा कामको आवश्यक्ता र औचित्य हेरि देहाय बमोजिको रकम आर्थिक कार्यकम अनुदान सहयोग गर्न सकिन्छ । अध्यक्षले एकपटकमा रु. १००,०००। (एक लाख) सम्म महासचिबले एक पटकमा रु.१,००,०००।-(एक लाख) सम्म कोषाध्यक्षले एक पटकमा रु.१,००,०००।- (एक लाख) सम्म ।

घ) केन्द्रिय समितिका पदाधिकारी सदस्य तथा अन्य विभाग, समिति, उप- समिति कार्यदल वा प्राविधिक वा विशेषज्ञलाई कुनै काममा लगाउनु परेमा तिनीहरुलाई प्रदान गरिने सुविधा सचिवालयको निर्णय गरे बमोजिम हुनेछ ।

ङ) यस बाहेक राज्य भित्र संचालन हुने मोटर, मोटरसाईकल तथा अटो स्पोर्टस् खेल, मोबिलीटी तथा रोड सेफ्टीर र अन्य आवश्यक कार्यकम तथा प्रतियोगिताका लागी आर्थिक सहयोग गर्नु पर्दा संघको कार्यकारिणी समितिबाट निर्णय गर्नु पर्नेछ ।

### ६.३ नगद पुरस्कार

कुनै विशेष अवस्थामा नगद पुरस्कार दिनु परेको खण्डमा एसोएिसनको सचिवालयले निर्णय गरिदिन सक्नेछ जसलाई कार्यसमितिको बैठकले अनुमोदन गर्नु पर्नेछ ।

### ६.४ बीमा व्यवस्था

संघले कोषको अवस्था हेरी क्रमश संघका राष्ट्रिय स्तरका खेलाडी, प्रशिक्षक, निर्णायक, पदाधिकारी, कर्मचारीहरुको बीमा व्यवस्था मिलाउन सकिनेछ । अन्यथा खेलाडी स्वयंलेनै आफ्नो बीमा अनिवार्य गर्नु पर्नेछ ।

**६.५ अन्य**

संघमा कार्यरत कर्मचारीहरुलाई दिईने तलब भत्ता र अन्य सुविधा सचिवालयको प्रस्तावमा केन्द्रिय कार्य समितिको निर्णय अनुसार प्रदान गरिनेछ ।

## परिच्छद- ७
## (खर्च तथा अधिकार)

**७.१ खर्चको सिमा तथा अधिकार :**

क) विनियोजित जुनसुकै बजेटबाट भैपरी निकासा गराउँदा एक पटकमा बढीमा रु. १,००,०० (एक लाख) निकासा गराईनेछ ।

ख) कुनै पनि तोकिएको काम र विनियोजित बजेट शिर्षकमा सचिवालय/कोषाध्यक्षसँगको समन्वयमा खर्च निर्णयको अधिकार देहाय अनुसार हुनेछ :

१. केन्द्रिय सदस्य, कार्यसमिति सदस्य, कमिसन सदस्य तथा जिम्मेवारी दिइएको व्यक्तिले रु. १ लाखसम्म

२. पदाधिकारिले रु. ५ लाखसम्म

३. अध्यक्ष तथा प्रवन्ध निर्देशकले रु. १० लाखसम्म

४. सचिवालयले रु. ५० लाखसम्म

५. कार्यसमितिले रु. १ करोडसम्म

६. त्योभन्दा माथि साधारण सभा मार्फत हुनेछ ।

ग) संघले आफ्नो उदेश्य पूर्तिका लागि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंगठनमा आवद्ध हुन सक्नेछ जस वापतको प्रवेश, सदस्यता तथा नविकरण शुल्क संघको Policy, Planning & Foreign Affairs को समन्वयमा भुक्तानी गरिनेछ ।

## परिच्छद- ८
## (जनशक्ति परिचालन तथा सेवासुविधा)

**८.१ कर्मचारीको तलब तथा सुविधाहरू**

क) कर्मचारीको न्यूनतम तलब तह १ को मासिक ६० हजार, तह २ को मासिक ३० हजार र तह ३ को मासिक २० हजार तथा कामको आधारमा यातायात खर्च, संचार सुविधा र खाजा खर्च जस्ता सुविधा दिन सकिनेछ ।

ख) प्रदेश र क्लबका कर्मचारीको न्यूनतम तलब तथा सुविधा केन्द्रिय संघभन्दा बढी हुने छैन ।

ग) परियोजनामा आधारित जनशक्ति तथा कन्सल्टान्टहरुलाई कामको प्रकृति तथा सम्झौताको आधारमा सेवासुविधा प्रदान गरिनेछ ।

## परिच्छेद- ९
## (अधिकार प्रत्यायोजन, सारांश आदि)

**९.१ अधिकार प्रत्यायोजन :**

क) संघको कार्यसम्पादन सुव्यस्थित गर्न कार्यसमितिले अध्यक्ष, उपाध्यक्षहरु, महासचिव, कोषाध्यक्ष र अन्य कार्यसमिति सदस्यहरु, कमिसन, कार्यदल र आवश्यक व्यक्ति तथा निकायलाई अधिकार प्रत्यायोजन गर्न र फिर्ता लिन सक्नेछ ।

ख) यसरी अधिकार प्रत्यायोजन गर्दा सकभर विषय वस्तु वा कार्य सम्पादन क्षेत्र प्रष्ट रुपले तोक्नु पर्नेछ ।

ग) संघको दैनिक कार्यसम्पादन गर्न कार्यकारी निर्देशकको नेतृत्वमा एक सचिवालयको व्यवस्था गरिनेछ ।

घ) विभिन्न कार्य संचालन गर्न विभिन्न कमिसन तथा कार्यदल बनाउन सकिनेछ । सोलाई कामको जिम्मेवारी सहित अग्रिम अनुमानित बजेट स्वीकृत गर्नु पर्नेछ र कार्यक्रम सम्पन्न भएपछि सम्बन्धितले कार्यक्रमको रिपोर्ट सहित सो रकम फर्छ्यौट गर्नु पर्नेछ ।

**९.२ नियामावलीको व्याख्या :**

यो आर्थिक नियामावलीको व्याख्या गर्ने अधिकार यो संघमा मात्र निहित रहने छ । साथै समानुकुल संसोधन परिमार्जन गर्नुपर्ने भएमा सो समेत गर्ने अधिकार संघको फाइन्यान्स तथा कर्पोरेट कमिसनमा निहित रहेको छ ।

**९.३ :** यो नियमावलीमा उल्लेख भए बमोजिम बाहेकको कुनै अवस्था आई परेमा वा यो नियमावली कार्यन्वयन गर्नमा कुनै बाधा अडकाउ परेमा संघको केन्द्रिय कार्य समितिले त्यस्तो बाधा अडकाउ फुकाउने गरी निर्णय गर्न सक्नेछ ।

| | | | | |
|---|---|---|---|---|
| अनिल कुमार बराल<br>संयोजक,<br>नियमावली कार्यदल | महेश अधिकारी<br>सदस्य,<br>नियमावली कार्यदल | यदुराज लमिछाने<br>सदस्य,<br>नियमावली कार्यदल | गोविन्द भट्टराई<br>सदस्य,<br>नियमावली कार्यदल | नारायण राज अर्याल<br>सदस्य,<br>नियमावली कार्यदल |

२०८० कार्तिक २४, काठमाडौं, नेपाल